सङ्केताङ्क नं.(Symbol No.): .....मितिः २०८३-०६-१६ १०:००बजे

प्याब्सन काठमाडौँ
मध्य त्रैमासिक परीक्षा-२०८३

कक्षाः १० पूर्णाङ्क : ७५

विषयः अनिवार्य नेपाली समय : ३ घण्टा

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :

सबै प्रश्न अनिवार्य छन् ।

१. तल समूह 'क' मा दिइएका शब्दका अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस्: २

समूह 'क'	समूह 'ख'
प्रोट्रेट	दोधारको अवस्था
गेगर	वास्तविक
दुष्परिणाम	खस्रो बालुवाको कण
असमञ्जस	खराब नतिजा
	मुहार चित्र
	विरोध

२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस्: २

छानामा तामाले छाइएको ज्यादै सुन्दर गणेश मन्दिरको समीपमा मेरो निजी आवास रहेको छ । त्यहाँका वनजङ्गल, लतिका,जनावर, चराचुरुङ्गी आदिले मेरो हृदयलाई हरपल आकर्षण गरिरहेका हुन्छन् ।

क) 'घर' को पर्यायवाची शब्द ..... हो ।

ख) 'टाढा' को विपरीतार्थक शब्द ..... हो ।

ग) ..... अनेकार्थी शब्द हो ।

घ) ..... लघुतावाची शब्द हो ।

३. दिइएको अनुच्छेदबाट एउटा टुक्का र एउटा अनुकरणात्मक शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस्: २

चार घण्टा लगातार हिँडेर घर पुग्दा मेरा खुट्टा फतक्क गल्यो । घरमा पुगेर रातभरि बिरामी आमालाई कुरेर बसेकाले भालिपल्ट कक्षामा भुसुक्क निदाएछु । म निदाएको देखेर साथीहरू त मेरो कुरा काट्न पो थालेछन् ।

मितिः २०८३-०६-१६ १०:००बजे

४. क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस्: १

अ) शर्वषुलभ	सर्वसुलभ	शर्वसुलभ	सर्वशुलभ
आ) बिहावर्तुन	विहावर्तुन	विहाबर्तुन	बिहावर्तुन

ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोसः २

आफ्नो विपुल सम्पत्तीलाई उनी सधै जनताको थाति भन्थे र आफूलाई त्यसको केवल सञ्चालक मात्र सम्झन्थे ।

५. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गरी लेख्नुहोस्: ३

<u>यो</u> फराकिलो र अग्लो छ <u>त्यसैले</u> हामीले <u>यो</u> घरमा <u>नै</u> कार्यालय खोल्नुपर्छ । यहाँबाट चारैतिरको प्राकृतिक <u>सौन्दर्य</u> पनि <u>देखिन्छ</u> ।

६. दिइएका प्रश्नको उत्तर दिनुहोस्: २+२=४

क) दिइएको अनुच्छेदबाट उपसर्ग लागेका दुईओटा र प्रत्यय लागेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस्:

चरन क्षेत्रको अभावमा भएकाले अहिले यहाँका मानिसहरूले गाइभैँसी पाल्दैनन् । उनीहरूको कमाइ पनि खासै राम्रो छैन । गाउँलेको उन्नति र प्रगति पनि भएको छैन ।

ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्:

एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व प्रक्रियाबाट बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस्:

मेरो घरको तल तिर बस्ने ठुल्दिदीलाई हरहिसाब राम्रोसँग नगरेको भनेर मालिकले कामबाट निकालेछ । धेरै दिन काम नगर्दा खर्चबर्च केही नभएकाले रातोपिरो अनुहार लगाएर उहाँ आफ्ना बुबा र आमाको घर जानुभएछ ।

७. दिइएको अनुच्छेदलाई अपूर्ण भविष्यत् कालमा परिवर्तन गर्नुहोस्: २

बुवा विहेमा जन्त जानुहुन्छ । बाजाका तालमा छमछमी नाच्नुहुन्छ । दिनभरि विहेमै बस्नुहुन्छ । राति अबेर घर फर्कनुहुन्छ ।

सङ्केताङ्क नं.(Symbol No.): .....मितिः २०८३-०६-१६ १०:००बजे

८. कुनै एक प्रश्नको उत्तर दिनुहोस्: २

क) इच्छार्थक भाव बुझाउने फरक फरक क्रियापदको प्रयोग गरी चारओटा वाक्यमा आफ्नी बहिनीको पढाइको बारेमा चर्चा गर्नुहोस् ।

ख) दिइएको अनुच्छेदका वाक्यहरूलाई मध्यम आदरमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्:

रमा कक्षामा शिक्षकलाई सम्मान गर्छे । साथीहरूसँग पनि मिल्छे । पढाइमा असाध्यै ध्यान दिन्छे । ऊ सबै गृहकार्य समयमै सिध्याउँछे ।

९. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस्: ४

क) झमक धनकुटामा जन्मेकी हुन् । झमकले 'जीवन काँडा कि फूल' लेखिन् । १
(वाक्य संश्लेषण)

ख) वनमा जाँदा बाघ देखियो । (कर्तृवाच्य)

ग) तिमी शिक्षक बनेका हुने छौ । (प्रेरणार्थक)

घ) पुस्तकका प्रत्येक पाना पढ्नु पर्ने कुरामा शिक्षकले जोड दिनुभयो ।
(प्रत्यक्ष कथन)

१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस्: ४

कर्तव्यको दायरा पनि निकै फराकिलो छ र यसका अनेकौं प्रकार छन् । कर्तव्यलाई व्यक्तिगत, पारिवारिक, सामाजिक, कानुनी गरी विविध रूपमा वर्गीकरण गर्न सकिन्छ । मूलतः कर्तव्य दुई प्रकारका हुन्छन् : नैतिक र वैधानिक कर्तव्य । नैतिक कर्तव्यको आधार व्यक्तिको नैतिक वा समाजसेवा वा मानव कल्याणका निम्ति उद्‌बुद्धचेतना हो । परोपकार गर्नु नैतिक कर्तव्य हो । समाजसेवा गर्नु नैतिक कर्तव्य हो । कुनै व्यक्तिले पाटीपौवा, धारा र विद्यालय भवन बनाउँछ भने त्यो पनि नैतिक कर्तव्य हो । यी कर्तव्य पालन गर्न र गराउन कसैले बाध्य पार्दैन । यो त हृदयदेखि नै निःस्वार्थ समाजसेवा जागृत भएर गरिने कर्म हो । आफैंले इमानदारितासाथ पालना गर्नुपर्ने कुरा हो । मदर टेरेसाको समाजसेवा निस्वार्थ कर्तव्यपरायणताको परिणाम थियो । महावीर पुनको 'आविष्कार केन्द्र' मात्र होइन हाम्रो समाजमा परापूर्वकालदेखि हालसम्म बनेका पाटीपौवा र धर्मशाला जजसले बनाएका छन् ती सबै कर्तव्यपालनाको अन्तःप्रेरणाकै प्रतिफल हुन् ।

मिति: २०८३-०६-१६

१०:००बजे

प्रश्नहरू:

क) 'कर्तव्यको दायरा पनि निकै फराकिलो छ।' यस वाक्यलाई अकरणमा परिवर्तन गर्नुहोस् ।

ख) रेखाङ्कित पद 'समाजमा' शब्दको कारक र विभक्तिको नाम लेख्नुहोस् ।

ग) 'कुनै व्यक्तिले पाटीपौवा, धारा र विद्यालय भवन बनाउँछ ।' यस वाक्यको उद्देश्य र विधेय लेख्नुहोस् ।

घ) 'समाजसेवा गर्नु नैतिक कर्तव्य हो ।' यस वाक्यलाई संयुक्त वाक्यमा परिवर्तन गर्नुहोस् ।

११. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस्: ४

कूल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान वढाउनका लागि स्वदेशी तथा विदेशी पुँजीको परिचालन गर्नुपर्छ। एकल विन्दु सेवा केन्द्रका माध्यमबाट वैदेशिक लगानी प्रवर्धन गर्न आवश्यक छ। उपलब्ध स्रोतसाधन र श्रमको उपयोग गरेर औद्योगिक उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्न सकिन्छ। लघु, घरेलु तथा साना उद्योगको संरक्षण र प्रवर्धन गरी रोजगारी सिर्जना गर्न सकिन्छ। गरिबी न्यूनीकरण; नेपाली वस्तु तथा सेवाका लागि लगानीमैत्री वातावरण सिर्जना, आयात प्रतिस्थापन र निर्यात प्रवर्धनका माध्यमवाट अर्थतन्त्रलाई सुदृढ गर्न आवश्यक छ। तुलनात्मक लाभ तथा प्रतिस्पर्धी क्षमता भएका नेपाली वस्तु तथा सेवाको उत्पादन वृद्धि गर्नुपर्छ । निर्यात प्रवर्धन तथा आयात व्यवस्थापन गरी आन्तरिक माग पूर्ति गर्न सकिन्छ। द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय व्यापार प्रणालीवाट अधिकतम लाभ लिने गरी वैदेशिक व्यापारसम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । खाद्यान्न, औषधी तथा पेट्रोलियम पदार्थ जस्ता अत्यावश्यक वस्तुको सरल र उचित मूल्यमा सहज उपलब्ध हुने व्यवस्था आवश्यक छ । यसका लागि आपूर्ति व्यवस्थापनमा सुधार ल्याई मूल्य स्थिरता कायम गर्नुपर्छ । गुणस्तरीय वस्तु तथा सेवामा सहज पहुँच पुऱ्याई उपभोक्ताको हकहित संरक्षण गर्नुपर्छ ।

प्रश्नहरू:

क) स्वदेशी तथा विदेशी पूँजीको परिचालन केका लागि गर्नुपर्छ ?

ख) गरिबी न्यूनीकरणका उपाय के के हुन् ?

ग) अर्थतन्त्रलाई सुदृढ गर्न कस्ता उपाय अपनाउनुपर्छ ?

घ) उपभोक्ताको हकहितको संरक्षण कसरी गर्न सकिन्छ ?

१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस्: ४

क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत दिनुहोस्:

नामः	विश्वेश्वरप्रसाद कोइराला
जन्मः	वि.स. १९७१ भाद २४
जन्मस्थानः	भारतको बनारस
पिताः	कृष्णप्रसाद कोइराला
शिक्षाः	बिए. वि.एल
स्वभावः	निडर, क्रान्तिकारी, समाजवादी
साहित्यिक योगदानः	'दोषी चस्मा' कथा·सङ्ग्रह, 'स्वेत भैरवी' कथा सङ्ग्रह
उपन्यासः	सुम्निमा, मोदी आइन, तीन घुम्ती, जेल जर्नल, फ्रायडेली मनोविज्ञानका सफल प्रयोक्ता, कथा र उपन्यासका क्षेत्रमा विशिष्ट योगदान
संलग्नताः	राजनीति र साहित्य दुवै क्षेत्रमा संलग्न, प्रथम जननिर्वाचित प्रधानमन्त्री राणा र अङ्ग्रेजहरूका अत्याचारी प्रवृत्तिका घोर विरोधी समानता, स्वतन्त्रता, न्याय र प्रजातन्त्रप्रति निष्ठावान् प्रजातन्त्रका सेनानी
मृत्युः	२०३९ साउन ६ गते, काठामाडौँ ।

ख) मन मिल्ने साथी रिसाउँदा आफ्नो मनमा उब्जेका विचारहरूलाई समेटी मनोवाद लेख्नुहोस्:

१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस्: ४

क) जनक शिक्षा सामग्री केन्द्र, सानोठिमी, भक्तपुरबाट प्रकाशित कक्षा १० का अनिवार्य विषयका पाठ्यपुस्तकहरूको माग गर्दै भगवती पुस्तक पसल मकवानपुरका तर्फबाट लेखिने चिठीको नमुना लेख्नुहोस्:

ख) तपाईंको विद्यालयले कुनै समाजसेवीलाई सम्मान गरेको कार्यक्रमको समाचार लेख्नुहोस्:

मितिः २०८३-०६-१६ १०:००बजे

१४. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिप्नुहोस्:. २

अधिकार अनिवार्य भएकै हुँदा त्यसलाई हरेक लोकतान्त्रिक देशका संविधानमा निकै महत्वका साथ राखिएको हो । नागरिकका अधिकारलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा मौलिक अधिकारका रूपमा विभिन्न हकको व्यवस्था गरिएको छ । नागरिक भएकै कारणबाट प्राप्त गर्ने अधिकार सम्पूर्ण नेपालीले बिना भेदभाव प्रयोग गर्न पाएका छन् । राज्यका नागरिक भएर हरेक मानिसले प्राप्त गर्ने मौलिक मानव अधिकारका सम्बन्धमा मानव अधिकारको विश्वव्यापी घोषणापत्रले पनि परिभाषित गरेको छ । नेपालको संविधानको भाग ३ का धारा १६ देखि ४७ सम्म ३२ ओटा धारामा मौलिक हकको व्यवस्था गरिएको छ । यसरी प्रत्याभूत गरिएका ३२ ओटा मौलिक हकमध्ये चारओटा हक पहिलो पटक व्यवस्था गरिएको हो ।

१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस्: ३

छाँगो छड्छडाए झैं बिजुली वेगमा कविता लेख्ने देवकोटा नेपाली भाषा साहित्यका स्वच्छन्दतावादी साहित्यकार हुन् । उनले विभिन्न साहित्यिक विधामा कलम चलाएका छन् । उनका 'शाकुन्तल', 'सुलोचना', 'महाराणा प्रताप,' 'प्रमिथस' आदि प्रसिद्ध महाकाव्य हुन् । उनले 'मुनामदन', 'कुञ्जिनी' र 'लुनी' जस्ता दर्जनौं खण्डकाव्य लेखे । उनले 'यात्री', 'पागल', र 'प्रभुजी मलाई भँडो बनाऊ' जस्ता सयौं कविता लेखे । उनले कविता विधामा मात्र आफ्नो कलमलाई सीमित गरेनन् । उनले लेखेका साहै गहकिला निबन्ध 'लक्ष्मी निबन्ध सङ्ग्रह' 'दाडिमको रुखनेर' मा सङ्कलित छन् । उनको एउटा 'सावित्री सत्यवान्' भन्ने नाटक र 'चम्पा' उपन्याससमेत प्रकाशित छ । वास्तवमा उनले लगातार चार दशकसम्म विभिन्न विधाका दर्जनौं साहित्यिक कृति रचना गरी नेपाली साहित्यलाई समृद्ध तुल्याए ।

१६. दिइएको प्रश्नको उत्तर लेख्नुहोस्: ४+४=८

क) दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्:

पहाड भन्छ पसिना पाए म स्वर्ग भुलाउँथें
तराई भन्छ सिँचाइ पाए म सुन झुलाउँथें
के छ र गाह्रो होस्टेमा हैंसे सबैले मिलाए
सबैले चोखो श्रम र सिप स्वदेशमै लगाए ।

प्रश्नहरू:

अ) तराईलाई किन सिँचाइ चाहिएको हो ?

आ) माथिको कवितांशबाट के सन्देश पाइन्छ ?

सङ्केताङ्क नं.(Symbol No.): .....मितिः २०८३-०६-१६ १०:००बजे

ख) दिइएको जीवनीको अंश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्:

मानिस वेदनाको जीवन्त चित्रण भएका कला सिर्जनामा पिकासोले आफ्नो सम्पूर्ण जीवन समर्पण गरे । उनले कलामार्फत बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने दसी प्रस्तुत गरे र कलामार्फत युद्धलाई खरो रूपमा व्यङ्ग्य गरे । त्यसैले त नाजीहरू पिकासोलाई जर्मनीमा चित्र प्रदर्शन गर्न दिएनन् । उनले भिखारी, जेलमा थुनिएका, दुःख पाएका, हेपिएका र सीमान्तकृत मान्छेका साथै गम्भीर मानसिक समस्या भएका व्यक्तिका चित्रसमेत बनाए । उनले महिलाका मार्मिक र प्रेमिल चित्र पनि बनाए । उनी केवल मान्छेको बाहिरी आवरण मात्र कहाँ हो र, ती व्यक्तिका भित्री वेदना, संवेदना, संवेग, मर्म र सौन्दर्य मूर्त बनेर उनका अमूर्त चित्रभित्र चित्रित हुन्थे । जजसले ती चित्र हेर्थे ती व्यक्तिको हृदयमा करुणा, दया, माया, स्नेह, आक्रोशका भाव सलबलाउँथे र हेर्दाहेर्दै ती चित्रमा नै हराउँथे ।

FB - Tuition Class of Rajan Shrestha

प्रश्नहरू:

अ) पिकासोका कलाकृतिमा कस्ता विषयवस्तुले स्थान पाएका थिए ?

आ) पिकासोका कलाकृतिमा पाइने विशेषता लेख्नुहोस् ।

१७. राजेन्द्रलक्ष्मी र बहादुर शाहका बिच कुराकानी भइरहेको समयमा तपाईं पुग्नुभएको भए के सल्लाह दिनुहुन्थ्यो ? तर्कसहित लेख्नुहोस्: ४

१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस्: ४

क) आयुर्वेदिक चिकित्सा आधुनिक चिकित्सा पद्धतिभन्दा भिन्न र संसारकै सर्वप्राचीन उपचार पद्धति हो ।

ख) उदात्त कर्मको यात्रा गर्दछन् जो सधैँ सधैँ
आदर्श नमुना मान्छे बन्दछन् विश्वमा तिनै ॥

१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस्: ७

क) तलको कथाको अंश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस्:

कृष्ण राय धेरै झगडामा मध्यस्थ भएका थिए । यो बडो गर्वको कुरा हो । गाउँले तिनीमाथि नै विश्वास गरी तिनलाई झगडामा मध्यस्थ तुल्याउँथे । यसैले पनि तिनको गाउँमा धेरै सम्मान थियो । निश्चय नै यो कामले तिनलाई धेरैको मन नपरेको बनायो होला ।

मितिः २०८३-०६-१६ १०:००बजे

प्रश्नः

अ) एउटा मध्यस्थ कसैको शत्रु हुन्छ कि हुँदैन ? समीक्षा गर्नुहोस् ।

ख) तलको निबन्धांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस्:

आधुनिक प्रविधिसँग जोड्ने शिक्षा आजको आवश्यकता हो भन्ने मैले अनुभूत गरिरहेछु । शिक्षालाई भूगोल र पर्यावरण अनुकूल व्यवसायमूलक शिक्षाका रूपमा विकास गर्नुपर्ने आवश्यकता मैले देखेको छु । यसो गर्दा देशमा रोजगारी सिर्जनामा थप बल पुग्थ्यो भन्ने मलाई लाग्छ । कफी र चिया खेती हुने ठाउँका विद्यालयमा तिनको उत्पादन र प्रशोधनसम्बन्धी तालिम दिनु वाञ्छनीय हुन्छ ।

प्रश्नः

अ) 'मेरो देशको शिक्षा' निबन्धमा कस्तो व्यवसायमूलक शिक्षाको अपेक्षा गरिएको छ ? समीक्षा गर्नुहोस् ।

२०. कुनै एक शीर्षकमा कम्तीमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस्: ७

क) नेपालको आर्थिक विकासमा कृषिको भूमिका

ख) समयको महत्व

ग) मलाई मनपर्ने वैज्ञानिक